

# १० परमपिता सनातन सृष्टिकर्ता परमेश्वरको आराधना

*यस अध्यायका मूल पदहरू:* नहेम्याह १२:२७-४७, १ इतिहास २५:६-८, १ यूहन्ना १:७-९, यूहन्ना १:२९,३६, १ कोरन्थी ५:७ र हिब्रू ९:१-११।

*यस अध्यायको मूल सार पद:* **"तिनीहरूले प्रशंसा दोहोऱ्याउँदै, स्तुति आराधना गर्दै र परमप्रभुलाई धन्यवाद दिँदै यसो भनेर गाए, 'उहाँ असल हुनुहुन्छ, उहाँको करुणा इस्राएलमाथि सदासर्वदै रहिरहन्छ।' अनि परमप्रभुका भवनको जग बसालिएको कारण सबै मानिसहरूले ठूलो सोरले परमप्रभुको स्तुति गरे।"** (एज्रा ३:१ रूपान्तरित)।

यहूदीहरूले गरेको परमेश्वरको आराधनाको प्रक्रिया यस अध्यायको मूल सारले गहिरो तरिकाले बुझाउँछ। परमेश्वरप्रति तिनीहरू अत्यन्तै आभारी भएको कुरा तिनीहरूले व्यक्त गरेका थिए भने उहाँको स्तुति र प्रशंसा हृदयदेखि नै स्वतः उच्च स्वरले व्यक्त गरेका थिए। ई.पू. ५१५मा नयाँ मन्दिरको समर्पण भएकोमा तिनीहरूले खुशीयाली मनाएका थिए (एज्रा ६:१५-१८)। अनि त्यसको ६० वर्षपछि यरुशलेमको पर्खालको निर्माण कार्य सम्पन्न भएपछि त्यसलाई समर्पण गर्ने क्रममा मानिसहरूले उत्सब मनाएका थिए (नहेम्याह ६:१५-७:३, १२:२७-)।

नहेम्याह ११ र १२मा नामावलीहरू प्रस्तुत गरिसकेपछि सहरको पर्खाल सम्पन्न भएकोमा अत्यन्तै उल्लासमय वातावरणमा त्यसको समर्पण गरिएको विवरण लेखकले दिँदछन्। यावत थोकहरू, मन्दिर, सहरको पर्खाल, घरहरू र सार्वजनिक भवनहरू परमेश्वरमा समर्पण गर्नु इस्राएल राष्ट्रको चलन थियो। यस्तो समर्पण गर्ने कार्यक्रम राम्रो सोच विचारका साथ व्यवस्थित ढंगले गरिन्थ्यो। भजन गाउने, बाजा बजाउने, भोज गर्ने, बलि चढाउने, खुशियाली

मनाउने कार्य उल्लासकासाथ आनन्द मनाउने र मानिसहरूलाई शुद्ध वा चोखो बनाउने तत्वहरू आराधना कार्यक्रममा समावेस हुन्थ्यो। समर्पणको समयमा बलिहरू चढाउने व्यवस्था राजा दाउदले स्थापना गरेका थिए। जब परमेश्वरको पवित्र सन्दुक भर्खर निर्माण गरिएको मन्दिरमा भित्राएका थिए सोलोमन राजाले पनि त्यही प्रक्रिया अपनाएर परमेश्वरको आराधना गरेका थिए (१ राजा ८:५)। पछि गएर इस्राएलका अगुवाहरूले पनि त्यही ढाँचामा परमेश्वरको आराधनालाई निरन्तरता दिएका थिए।

त्यस समयका सनातन सृष्टिकर्ता परमेश्वरको आराधना यहूदीहरूले कसरी गरे र त्यही परमेश्वरको आराधना हामीले गर्दा पनि तिनीहरूको नक्कल कसरी गर्न सक्नुपर्छ भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. परमेश्वरको स्तुतिगानहरू

**नहेम्याह १२:२७-२९लाई केलाएर पढ्नुहोस्। जहाँ परमेश्वरको स्तुति र प्रशंसा गर्ने क्रमको प्रक्रिया उल्लेख गरिएका केही मूल शब्दहरू प्रयोग गरिएका छन्। त्यसलाई तपाईंले कसरी व्याख्या गर्नुहुन्छ? हेर्नुहोस् "२७ यरूशलेमका पर्खालको समर्पण गर्दा यरूशलेममा रमाहट गरेर धन्यवादका भजन गाउँदै, झ्याली, सारङ्गी र वीणाका साथमा समर्पणको उत्सव मनाउन तिनीहरूले लेवीहरूलाई आफू बसेका सबै निवास-स्थानहरूबाट खोजेर ल्याए। २८ गवैयाहरू यरूशलेमको चारैतिरका ठाउँहरूबाट, अर्थात् नतोपातीहरूका गाउँहरूबाट, २९ बेथ-गिलगालबाट, अनि गेबा र अज्मावेतका इलाकाहरूबाट ल्याइएका थिए, किनभने ती गवैयाहरूले यरूशलेमका चारैतिर आफ्ना निम्ति गाउँहरू बनाएका थिए।"**

पवित्र मन्दिरको सेवाकार्यमा चाहिने भजन गायकहरू र बादयबादकहरूको विशेष समूह लेबीको बंशबाट इस्राएलको राष्ट्रले खटाएको थियो। यो प्रक्रिया परमेश्वरकै निर्देशनमा भएको थियो। मन्दिरमा गरिने परमेश्वरको आराधना अत्यन्तै व्यवस्थित, सौन्दर्यमय र कुशल तरिकाले कसरी गर्नुपर्छ भनेर उहाँले नै सिकाउनुभएको थियो।

पहिलाभन्दा अत्यन्तै गौरबमय र अझ विस्तृत वा धेरै थप गरेर राजा दाउदले आराधनाको प्रक्रिया व्यवस्थित गरेका थिए। त्यसैकारण मन्दिरमा गरिने आराधना प्रक्रियामा राजा दाउदले नियुक्त गरेका आसाफको सन्तानलाई

"परमेश्वरको मन्दिरको सेवाकार्यमा चलाउने भजनमण्डलीको नाइके" चुनिएको थियो (नहेम्याह ११:२२ रूपान्तरित)।

**जब हामी परमेश्वरको आराधना र उपासना गर्दछौं त्यसबेला "परमेश्वरका भजनहरू" गाउँदा सङ्गीत र वाजाहरू कतिको महत्त्वपूर्ण र आराधनाको प्रक्रियाको केन्द्रविन्दु हुनुपर्छ भनेर १ इतिहास २५:६-९ले हामीलाई के सिकाउँछ? हेर्नुहोस् "६ तिनीहरू सबै परमप्रभुको मन्दिरमा आफ्ना पिताहरूको अधीनमा सेवा गर्थे। तिनीहरू झ्याली, सारङ्गी र वीणाद्वारा परमप्रभुका भवनको सेवामा भाग लिन्थे। आसाप, यदूतून र हेमानचाहिँ राजाको अधीनमा थिए। ७ तिनीहरूका कुटुम्बहरूका साथमा सङ्गीतकारहरूको संख्या २८८ थियो। ८ जवान र बूढ़ा, गाउनमा निपूर्ण र सिकारु दुवैले तिनीहरूका कामको निम्ति चिट्ठा हाल्थे। ९ पहिलो चिट्ठा, जो आसापको निम्ति थियो, योसेफ र तिनका छोराहरू र दाजुभाइहरूका नाउँमा पऱ्यो -१२ जना। दोस्रो चिट्ठा गदल्याह र तिनका छोराहरू र दाजुभाइहरूको नाउँमा -१२ जना।"**

भजन गाउनेहरू सङ्गीतकारहरू थिए। तिनीहरू लेबी बंशबाट आएका थिए। त्यसकारण तिनीहरूलाई आधिकारिकरूपमै मन्दिरको भजनमण्डलीमा खटाइएको थियो। राजा दाउदको समयमा सङ्गीत सिकाउने विद्यालयको स्थापना गरिएको थियो। त्यसको रेखदेख राजा दाउद आफैले गरेका थिए। त्यहाँ सङ्गीत सिकाउने कुशल शिक्षकहरू थिए र सिक्ने विद्यार्थीहरू थिए। त्यहाँ युवा र उमेर ढल्केका मानिसहरू पनि थिए। मन्दिरमा भजन गाउँदा तिनीहरू पालै पालोसँग सङ्गीत र बाजा उपलब्ध गराउँथे। त्यसबेला त्यहाँ कोही बाजा बनाउने कलाकर्मीहरू थिए भने अरू भजन गाउनेहरू थिए। त्यहाँ बाजा बजाउने र भजन गाउनेहरूले लाउने पोशाकहरू उपलब्ध गराउने मानिसहरूको पनि समूह थियो। यसरी कुशल, व्यवस्थित र व्यवासायिक तरिकाले भजन मण्डलीको स्थापना गर्नुको उद्देश्य के हो त? यसले सङ्गीतकारहरूको दक्षताको बिकास गरेको थियो भने परमेश्वरको आराधना हचुवा तरिकाले होइन तर अति उत्तम तरिकाले गर्नुपर्छ भन्ने परिकल्पना गरेर त्यो भजनमण्डलीको स्थापना गरिएको थियो। जब परमेश्वरको स्तुति प्रशंसा गरिन्छ त्यो स्तुति भक्तहरूको हृदयदेखि नै आउनुपर्छ र श्रोताहरू पनि आत्मिक रूपमा उहाँतिरै उचालिन प्रेरित होऊन् भन्ने हेतुले भजन गाउनुपर्दछ। परमेश्वरको मन्दिरको आराधना कार्यक्रमको सेवामा चुनिएका भजन गाउने र

सङ्गितकारहरू अत्यन्तै होसियारिपूर्वक नियुक्त गरिएका थिए भन्ने कुरामा हामी यकिन हुनसक्छौं।

**सङ्गीतलाई उपयोग गरेर परमेश्वरको स्तुति गर्दा तपाईंमा आएको आनन्दको उपभोग गर्नुभएको छ? तपाईंले गर्ने व्यक्तिगत उपासना वा सङ्गतिमा गीत गाउनु कतिको महत्त्वपूर्ण ठान्नु भएको छ?**

## २. शुद्धीकरण वा चोखो बनाउने

पर्खालको समर्पण र भजन गाउनेहरू जम्मा भएको बेहोरा पछि नहेम्याह १२:३०ले शुद्ध तथा चोखो बनाउने कुराको चर्चा गर्दछ। "पुजारी रु लेबीहरूले आफूहरूलाई शुद्ध वा चोखो पारे। त्यसपछि मानिसहरू, ढोका र पर्खालहरूलाई चोखो पारे।

"शुद्ध पारे" भन्ने हिब्रू भाषामा हो। त्यसको अर्थ "सफा गर्नु, चोखो गर्नु" हो। पुरानो करारमा यो शब्द धेरै सन्दर्भहरूमा प्रयोग गरिएको छ। नैतिक र आत्मिक रूपमा परमेश्वरको सामु सफा र शुद्ध हुनु भन्ने धारणा दिन त्यो शब्द प्रयोग गरिएको पाइन्छ।

**यो ध्यानपूर्वक सोच्नुहोस्: "७ तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। ८ यदि हामीमा पाप छैन (वा हामी आफै धर्मात्मा वा धर्मी छौं) भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिइरहेका हुन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्म वा पापबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" (१ यूहन्ना १:७-९)। (१) मानिसको स्वभाव (२) परमेश्वरको क्षमाशीलता र (३) हाम्रो जीवनमा परमेश्वरको शक्तिको बारेमा उक्त पदले हामीलाई के भन्छ?**

मन्दिर र त्यहाँ गरिने आराधना विधिहरू पौराणिक इस्राएलको धर्ममा अत्यन्तै महत्त्वपूर्ण भाग थियो। तर परमेश्वरको आराधना गर्ने प्रक्रियामा मन्दिर र त्यसमा गरिने सेवाकार्यहरू आफैमा उहाँसँगको सम्बन्धको अन्त्य थिएन तर केवल साधनमात्र थियो। तिनीहरूले करार बाँधेका परमेश्वर र पापबाट मोचन गराउने प्रभु येशूसँगको सम्बन्धमा ती विधिहरूले तिनीहरूलाई अघि बढाउनु पर्थ्यो। साथै ती विधिहरूले तिनीहरूको जीवनमा गर्ने परमेश्वरको शुद्ध पार्ने शक्तिको ज्ञान दिनुपर्थ्यो। परमेश्वरले हामीलाई के

गर्नुभयो, कसबाट हामीलाई मुक्ति दिनुभयो भन्ने आत्मज्ञानले उहाँलाई प्रेम गर्न, उहाँको भक्त हुन र उहाँको उपासना गर्न हामी डोऱ्याइनुपर्दछ। विगत समयमा परमेश्वरले के गर्नुभयो सो बारम्बार सम्झिरहनु पौराणिक इस्राएलको आराधनाको एउटा भाग नै हुन गएको थियो। जब हामी विगतका कुरा सम्झिन्छौं तब त्यसले परमेश्वरको सदाशयता, हामीप्रति उहाँको हित र प्रेमलाई हामी सम्झीरहन्छौं जुन् हामीमा आनन्द ल्याउने प्रमुख भाग हो। अनि हामीले गर्ने आराधना सेवामा उहाँप्रति आभारी भएर उहाँको स्तुति गर्ने कार्यानुभवमा हामी प्रवेश गर्न सक्षम हुनेछौं।

हाम्रो जीवनमा सामना गर्नुपर्ने चुनौतिहरूलाई पार गराइरहनुभएकोले र परमेश्वरले हाम्रो पाप तथ घटि कमिहरूलाई क्षमा दिनुभएकोले त्यसप्रति आभार व्यक्त गर्दै भित्री हृदयदेखि निरन्तररूपमा हामीले आनन्द मनाइरनुपर्छ। त्यसो भएमा परमेश्वरको प्रशंसा गर्न र उहाँको चरित्रको सौन्दर्यताप्रति सराहना व्यक्त गर्न हामी सक्षम् हुनेछौं। अनेकौं धर्मकर्मको प्रयासद्वारा हाम्रो पाप कट्टाहुन नपरोस् भनेर येशूले हाम्रो पापको दण्ड क्रुसमा भोगेर हामीलाई पापबाट छुट्कारा दिनुभएको आत्मज्ञानले परमेश्वरको प्रेम र चरित्रको प्रदर्शन गर्नु भन्दा ठूलो काम अरू के हुनसक्छ र? त्यसैले अब हामीले हाम्रो पाप मोचन गर्न कुनै धर्मकर्म गरिरहनु नपर्ने भएको छ।

**तपाईंको विगतको पाप अधर्म वा वर्तमान स्वभावले किन क्रुसको छहारीमा पूरा क्षमा पाउन सक्नुहुन्छ। त्यो क्षमा तपाईं मरेपछि होइन तर अहिले नै र त्यो तपाईंको कुनै कामद्वारा नभएर उहाँमाथिको विश्वासद्वारा पाउन सक्नुहुन्छ। येशूले उपलब्ध गराउनुभएको क्षमालाई अहिले नै तपाईंले किन दावी नगर्ने?**

## ३. धन्यवाद स्तुति गर्ने दुई ठूला गीति समूह वा क्वायर

जब मानिसहरूले परमेश्वरको आराधना र स्तुति गरेर उत्सब मनाए तब बाजागाजा, सङ्गित र भजन त्यसको महत्त्वपूर्ण भाग हुन पुगेको थियो। त्यो किन भयो त? हेर्नुहोस् नहेम्याह १२:२७-४३ "२७ यरूशलेमका पर्खालको समर्पण गर्दा यरूशलेममा रमाहट गरेर धन्यवादका भजन गाउँदै, झ्याली, सारङ्गी र वीणाका साथमा समर्पणको उत्सव मनाउन तिनीहरूले लेवीहरूलाई आफू बसेका सबै निवास-स्थानहरूबाट खोजेर ल्याए। २८ गवैयाहरू यरूशलेमको चारैतिरका ठाउँहरूबाट, अर्थात् नतोपातीहरूका गाउँहरूबाट, २९ बेथ-

गिलगालबाट, अनि गेबा र अज्मावेतका इलाकाहरूबाट ल्याइएका थिए, किनभने
ती गवैयाहरूले यरूशलेमका चारैतिर आफ्ना निम्ति गाउँहरू बनाएका थिए।
३० पूजाहारीहरू र लेवीहरूले विधिअनुसार आफू-आफूलाई पवित्र गरे।
त्यसपछि तिनीहरूले मानिसहरू, मूल ढोकाहरू र पर्खाललाई शुद्ध पारे। ३१
तब मैले यहूदाका अगुवाहरूलाई सहरको पर्खालमाथि जान लाएँ। साथै धन्यवाद
दिन दुई वटा ठूला स्तुति गाउनेहरूका दल नियुक्त गरें। एक दल दाहिनेतिर
पर्खालमा फोहोर ढोकासम्म जानुपर्थ्यो। ३२ त्यस दलको पछिपछि होशयाह र
यहूदाका आधा अगुवाहरूका साथमा ३३ अजर्याह, एज्रा, मशुल्लाम, ३४ यहूदा,
बेन्यामीन, शमायाह र यर्मिया लागे। ३५ तुरहीको साथमा कति जना
पूजाहारीहरू, र जकरिया, जो जोनाथनका छोरा, जो शमायाहका छोरा, जो
मत्तन्याहका छोरा, जो मीकायाका छोरा, जो जक्कूरका छोरा, ३६ जो आसापका
छोरा थिए, र तिनका सहयोगीहरू -शमायाह, अज्रेल, मिललै, गिललै, माऐ, नतनेल,
यहूदा र हनानी- परमेश्वरका जन दाऊदले तोकेका बाजाहरूका साथमा थिए।
शास्त्री एज्राचाहिँ जुलूसका अगुवा थिए। ३७ तिनीहरू फुहारा ढोकाबाट भएर
दाऊदको सहरका सिँढ़ीहरूबाट सोझै पर्खालमा उकालो चढ्ने बाटो भएर
दाऊदको घर नाघेर पूर्वतिर भएको पानी ढोकासम्म गए। ३८ भजन गाउँदै
हिँड्ने दोस्रो दलचाहिँ देब्रेतिर लाग्यो। तिनीहरूका पछिपछि मानिसको आधा
भागसँग म हिँडें। यो दल पर्खाल माथिमाथि भट्टीको बुर्जा भएर, ३९ चौड़ा
पर्खालसम्म र एफ्राइमको ढोका, येशना ढोका, माछा ढोका, हननेलको बुर्जा र
सयको बुर्जादेखि भेड़ा ढोकासम्म गएपछि तिनीहरू गारदको ढोकामा अड़िए।
४० ती दुई भजन गाउने दल परमप्रभुको भवनमा आ-आफ्नै स्थानमा बसे। म
पनि अधिकृतहरूको आधा दलसँग बसें। ४१ यसै गरी पूजाहारीहरू एल्याकीम,
मासेयाह, मिन्यामीन, मीकाया, एल्योएनै, जकरिया र हनन्याह तुरहीका साथमा
थिए। ४२ र मासेयाह, शमायाह, एलाजार, उज्जी, येहोहानान, मल्कियाह, एलाम र
एसेर पनि थिए। यिज्रहियाहको निर्देशनमा गवैयाहरूले गाए। ४३ र त्यस दिन
तिनीहरूले आनन्द गरेर ठूला बलिदानहरू चढ़ाए, किनकि परमप्रभु परमेश्वरले
तिनीहरूलाई रमाहट गर्ने अवसर दिनुभएको थियो। स्त्रीहरू र बाल-
बालिकाहरूले पनि आनन्द मनाए। यरूशलेमको आनन्दउत्सव टाढ़ा-टाढ़ासम्म
पनि सुनियो।"

विभिन्न बाजागाजा सहित दुई गीति समूह परमेश्वरलाई धन्यवाद दिँदै गीत गाउँदै यरुशलेम सहरभरि घुमेका थिए। यो आराधनाको सेवा नहेम्याहले

सृजेका थिए। तिनीहरूले सो कार्य एक ठाउँबाट सुरु गरेर दुई भागमा बिभाजित भई सहरको पर्खालको वरिपरि बिभिन्न दिशातर्फ गएका थिए। अगाडिको पङ्क्तिमा एज्राले अगुवाई गरेका थिए भने पछाडि नहेम्याह थिए। दुई गीति समूह फेरि चौडा पर्खालमा भेला भए अनि तिनीहरू त्यहाँबाट मन्दिरतिर बढे। प्रत्येक जुलुसमा पुजारीहरूले तुरही बजाउँदै गएका थिए। जब गीतिसमूहहरू मन्दिरभित्र गए तब तिनीहरू एक आपसमा मुखामुख गरेर उभेए।तिनीहरूले अत्यन्तै व्यवस्थति ढंगले जुलुस र आराधना सेवाको आयोजना गरेका थिए।

उत्सब र आराधना सेवाको कार्यक्रममा सङ्गीतको महत्त्व किन थियो भनेर थाहा पाउन मन्दिरको परिवेशमा त्यसलाई हेर्नुपर्दछ। जसरी मानिसहरू विभिन्न सङ्गीत कार्यक्रम सुन्न सङ्गीत हलमा जम्मा हुन्छन् त्यसरी नै मन्दिरमा सङ्गीत सुन्न भेला भएका थिएनन्। तर जब भजन गाउनेले भजन गाए र बाजा बजाउनेले बाजा बजाए तब मानिसहरूले शिर झुकाएर परमेश्वरको प्रार्थना गरेका थिए। यो रमझम र रमाइलो गर्ने समय थिएन तर परमेश्वरप्रति आराधना गर्ने र श्रद्धा देखाउने समय थियो। यो आराधनाको एउटा शैली थियो।

तर मन्दिर र आराधनाको मूल सेवाकार्यक्रम भनेको पशुबलि थिए जुन रमाइलो पक्ष त थिएन। पशुहरूको घाँटी निमोठेको हेर्नुपर्ने दृश्य हृदयबिदारक हुन्थ्यो अर्थात् रमाइलो सङ्गीत बजाउँदै पशुको क्रन्दन सुनेर आराधना गर्नु भनेको निश्चय नै राम्रो होइन। तर जे भएतापनि त्यो पशुबलिले येशूलाई इङ्गितगर्ने भएकोले तिनीहरूको सोच स्वर्गतिर उचालिन्थ्यो जसले गर्दा आराधनाको अनुभव झन रमाइलो हुन्थ्यो।

**आराधनाको महत्त्वपूर्ण पक्ष भनेको स्तुति, प्रशंसा र सङ्गीत थिए भनेर देहायका केही पदहरूले पनि देखाउँछ। हेर्नुहोस्, प्रस्थान १५:१,२ "१ तब मोशा र इस्राएलीहरूले परमप्रभुको नाउँमा यो स्तुति गाए: म परमप्रभुको स्तुतिगान गाउनेछु, किनकि उहाँ धेरै उचालिनुभएको छ। घोड़ा र त्यसको सवारलाई उहाँले समुद्रमा फालिदिनुभएको छ। २ परमप्रभु नै मेरो शक्ति र गीत हुनुहुन्छ, र उहाँ मेरो मुक्ति हुनुभएको छ। उहाँ मेरा परमेश्वर हुनुहुन्छ, म उहाँको स्तुति गर्नेछु। मेरा पिता-पुर्खाका परमेश्वर, म उहाँको नाउँ उच्च पार्नेछु।", २ इतिहास २०:१८-२२ "१८ यहोशापात भूइँमा घोप्टो परे, र यहूदा र यरूशलेमका सबै बासिन्दाहरू परमप्रभुको सामुन्ने दण्डवत् गर्न घोप्टो परे।**

१९ तब कहात र कोरहका वंशका कोही लेवीहरू खड़ा भए, र चर्को सारेले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे। २० तब तिनीहरू बिहान सबेरै उठेर तकोको उजाड़-स्थानमा गए। तिनीहरू निस्केर जाँदा खड़ा भएर यहोशापातले भने, 'हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन। परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो, र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ।' २१ मानिसहरूसित सल्लाह गरेपछि तिनले कति जनालाई परमप्रभुको स्तुतिगान र उहाँका पवित्रताको प्रतापको प्रशंसा गर्न सेनाको अगिअगि गएर गाउनलाई नियुक्त गरे। अनि तिनीहरूले यसो भनेर गाए, 'परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।' २२ तिनीहरूका प्रशंसाको चर्को आवाज सुनिने बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेइर पर्वतका मानिसहरूलाई अलमल्याइदिनुभयो, र उनीहरू परास्त भए।" र प्रकाश १५:१-४ "१ मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखें: सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ। २ आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको संख्यामाथि विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए। ३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, 'हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्। ४ हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।"

पृथ्वी र स्वर्ग दुवै साङ्गितिक आराधना सेवा कार्यक्रमको भाग हो। यो पनि हेर्नुहोस् कि त्यहाँ गाइएका गीतहरूको मूल विषयबस्तु उहाँका जनहरूलाई परमेश्वरले के गर्नुभयो सोको बखान त्यहाँ गरिएको थियो। त्यसमा "पशुमाथि" बिजय पनि समावेश भएको थियो (पशु वा शैतानमाथि बिजय नगरि बिजयको गीत कसरी गाइन सक्छ र?)। परमेश्वरले गर्नुभएको मुक्तिको कामकोलागि उहाँका जनहरूले बिजय उल्लास गर्नु उचित थियो।

तपाईंको जीवनमा परमेश्वरले के के गर्नुभयो जसले गर्दा उहाँको स्तुति प्रशंसा गाउन उचित देख्नुभएको छ?

## ४. पशुबलि आराधनाको भाग

**आराधनाको उत्सबमा "ठूलो बलिहरू" चढाए रे। त्यसको आशय के हो? हेर्नुहोस्, नहेम्याह १२:४३ "त्यस दिन तिनीहरूले आनन्द गरेर ठूला बलिदानहरू चढ़ाए, किनकि परमप्रभु परमेश्वरले तिनीहरूलाई रमाहट गर्ने अवसर दिनुभएको थियो। स्त्रीहरू र बाल-बालिकाहरूले पनि आनन्द मनाए। यरूशलेमको आनन्दउत्सव टाढ़ा-टाढ़ासम्म पनि सुनियो।"**

पौराणिक इस्राएलको मन्दिरमा हुने विभिन्न आराधना कार्यक्रमको प्रमुख र आवश्यक भाग विभिन्न थोकहरूको अर्पण र पशुबलि थियो। विभिन्न किसिमका बलि वा अर्पणहरू मन्दिरमा प्रयोग गरिन्थे। पाप क्षमाको निम्ति दिइएको प्रतिज्ञा, सङ्गतिमा आउँदा हुने आनन्दलाई व्यक्त गर्न र परमेश्वरप्रति आभार व्यक्त गर्न ती बलिहरू चढाइन्थे। आराधनाको ठोस अर्थ बलिहरूद्वारा बुझाइन्थ्यो। त्यसले परमेश्वर को हुनुहुन्छ भनेर उहाँको सत्यतालाई देखाउँथ्यो भने आउने प्रतिज्ञाको सन्तान वा मसीहलाई औंल्याउँथ्यो। उहाँ परमेश्वरको थुमा भएको कारण उहाँले पापीहरूको निम्ति आफ्नो जीवन बलिदान गर्नुहुनेछ भनेर ती बलिहरूले सिकाउँथ्यो।

**येशू आउनुभन्दा अघि मन्दिरमा हुने विभिन्न बलि र अर्पणहरूले अन्तमा कसलाई औंल्याएका थिए भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? यदि पौराणिक इस्राएलीहरूले मरेको पशुबलिद्वारा आनन्द मनाएथे भने तिनीहरूभन्दा हामीलाई बढी ज्ञान भएकोले हामी झन धेरै किन रमाउनुपर्छ? त्यसबेलाका पशुबलिहरूले देखाउने सत्यताको ज्ञान ती मानिसहरूमा सिमित नै थियो, तर अहिले हामीमा के असिमित ज्ञान छ? हेर्नुहोस्, यूहन्ना १:२९-३७ "२९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, 'हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो। ३१ म आफैले उहाँलाई चिनेको थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ।' ३२ यूहन्नाले यसो भन्दै गवाही दिए, 'मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई**

चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, 'जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।' ३५ फेरि अर्को दिन यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए। ३६ उनले येशूलाई गइरहनुभएको देखेर भने, 'हेर, परमेश्वरका थुमा!' ३७ उनले भनेका यो कुरा सुनेर ती दुई चेलाहरू येशूको पछि लागे।", १ कोरन्थी ५:६-८ "६ तिमीहरूको घमण्ड ठीक होइन। अलिकता खमिरले जम्मै ढिकालाई खमिरा बनाइहाल्छ भन्ने के तिमीहरूलाई थाहा छैन? ७ नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ। ८ यसकारण हामी पुरानो खमिरले, अर्थात् कुकर्म र दुष्टताको खमिरले होइन, तर निष्कपटता र सत्यताको अखमिरी रोटीले चाड मनाऔं।" र प्रकाश ५ "१ सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीमा भित्र र बाहिरपट्टि लेखिएको एउटा चर्मपत्रको मुट्ठो मैले देखें, जो सात वटा मोहोर लगाएर बन्द गरिएको थियो। २ अनि एउटा बलवान् स्वर्गदूतलाई ठूलो आवाजले यसो भनिरहेको मैले देखें, 'यो मुट्ठो खोल्न र यसका मोहोरहरू तोड्न योग्य को छ? ३ स्वर्गमा अथवा पृथ्वीमा वा पृथ्वीमुनि यो चर्मपत्रको मुट्ठो खोल्न वा त्यसभित्र हेर्न सक्ने कोही थिएन। ४ कोही पनि त्यो चर्मपत्रको मुट्ठो खोल्ने अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, 'नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।' ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सिङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः 'तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक

**कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।' ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, 'मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।' १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, 'सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।' १४ तब ती चारै जीवित प्राणीले भने, 'आमेन।' अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।"**

नहेम्याह १२:४३मा मानिसहरूले खुशियाली र आनन्द मनाएको धारणा धेरै पल्ट दोहोऱ्याइएको छ। परमेश्वरप्रति श्रद्धा देखाउँदै र ईश्वरको भय मान्दै उहाँको आराधना गरेका थिए (तिनीहरूको पापको निम्ति गरिने पशुबलिको सन्देश गम्भीर थियो)। त्यो आराधना कार्यक्रममा खुशियाली र आनन्दको आवाज स्वतः बुलंद भइरहेको थियो। जब हामी परमेश्वरको सामु उभिन्छौं तब उहाँप्रति हामीमा श्रद्धा **हुनुपर्छ, आदर, भक्ति हुनुपर्छ साथै उहाँको अचम्मको कामले गर्दा आश्चर्यको भावना** हाम्रो हृदयमा उत्पन्न हुनुपर्छ। जब हामी सत्य आराधना वा परमेश्वरको उपासना गर्दछौं तब हामीले खुशीसाथ गीत गाउनुपर्छ र बाजाहरू बजाउनुपर्छ भनेर भजन ९५मा यसरी खुलासा गरिएको छ "१ आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हाम्रो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔं। २ धन्यवाद चढ़ाउँदै उहाँको सामुन्ने आऔं, भजन र गीतले उहाँको प्रशंसा गरौं। ३ किनकि परमप्रभु महान् परमेश्वर हुनुहुन्छ, सारा देवहरूमाथिका महाराजा। ४ उहाँको बाहुलीमा पृथ्वीका गहिरा-गहिरा स्थानहरू छन्, र पहाड़का शिखरहरू उहाँकै हुन्। ५ समुद्र उहाँको हो, उहाँले नै त्यसलाई बनाउनुभएको हो, र सुक्खा भूमि उहाँले नै रच्नुभएको हो। ६ आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्ता परमेश्वरकै सामु घुँड़ा टेकौं, ७ किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा, र उहाँका हातका भेड़ाहरू हौं। आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने, ८ तिमीहरूले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार, जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा भएको मस्साहमा गरेका थियौ, ९ जहाँ मैले गरेका काम तिमीहरूका पूर्वजहरूले देखेका भए तापनि तिनीहरूले मलाई जाँच गरे र मेरो

परीक्षा गरे। १० चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भनें, 'यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।' ११ यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।"

श्रद्धा, भक्ति, आनन्दित भएर सृष्टिकर्ता परमप्रभु सनातन परमेश्वरको आराधना गर्न, प्रशंसा गर्न प्रयत्न गर्नु प्रत्येक प्रभुभक्तको जिम्मेवारी हो। शन्तुलन र संयमता देखाएर आराधना गर्नु नै परमेश्वरप्रति देखाइने निर्णायक संस्कार हो।

**यूहन्ना १:१-४ले येशू, हाम्रो सृष्टिकर्ता र हामीलाई अन्धकारबाट ज्योतिमा हिँडाइराख्ने परमेश्वर भनेर स्पष्ट पारेको छ। जुन परमेश्वर उहाँको सृष्टिको पापको निम्ति क्रुसमा झुण्डिएर मारिनुभएको थियो भन्ने आत्मज्ञानले तपाईंको भावनामा कसरी असर पार्दछ? क्रुसले गर्दा हाम्रो आराधनामा कसरी आनन्दको अनुभूति हुन्छ?**

## ५. परमेश्वरको आराधनामा पुजारीहरू र लेबीहरूको संलग्नता

**मन्दिरमा सेवा गर्ने पुजारीहरू र लेबीहरूदेखि यहूदा किन प्रशन्न भए? तिनीहरू किन महत्त्वपूर्ण छन्? हेर्नुहोस् नहेम्याह १२:४४-४७ "४४ त्यस बेला भेटीहरू अगौटे फलहरू र दशांशका निम्ति भण्डारको जिम्मा लिन, र सहरहरूका वरिपरि बस्तीहरूबाट पूजाहारीहरू र लेवीहरूका निम्ति व्यवस्थाले तोकेबमोजिम हिस्सा बटुल्न मानिसहरू नियुक्त गरिए। किनभने पूजाहारीहरू र लेवीहरूको सेवाबाट सबै यहूदा साह्रै प्रसन्न थिए। ४५ दाऊद र तिनका छोरा सोलोमनले दिएका नियमअनुसार आफ्ना परमेश्वरको सेवा र शुद्धिको सेवा तिनीहरूले गरे, र यसै गरी गवैयाहरू र द्वारपालहरूले पनि सेवा गरे। ४६ किनकि उहिले नै दाऊद र आसापको पालोमा गवैयाहरू परमेश्वरको प्रशंसा र धन्यवादका भजनका निम्ति निर्देशकहरू भएका थिए। ४७ यसैले यरुबाबेल र नहेम्याहका पालामा गवैयाहरू र द्वारपालहरूलाई सबै इस्राएलले प्रतिदिनको चाहिएको भाग दिन्थे। तिनीहरूले अरू लेवीहरूका भाग पनि छुट्ट्याएर राख्थे। अनि लेवीहरूले चाहिँ हारूनका सन्तानको भाग छुट्ट्याएर राख्थे।"**

**पुजारीहरूको काम के को प्रतीक थियो? ती पुजारीहरू लेबीहरू थिए। हेर्नुहोस् हिब्रू ९:१-११ "१ पहिलाको करारमा आराधनाका धर्म-विधिहरू र पार्थिव पवित्रस्थान पनि थिए। २ एउटा पवित्र वासस्थान तयार भएको थियो,**

जसको पहिलो कोठाभित्र सामदान, टेबिल र भेटीका रोटीहरू थिए। यसलाई पवित्रस्थान भनिन्थ्यो। ३ दोस्रो चाहिँ पर्दाभित्र महापवित्र स्थान भनिने कोठा थियो, ४ जसमा सुनको धुपौरो र सुनले मोहोरिएको करारको सन्दूक थियो। सन्दूकभित्र मन्न राखेको सुनको भाँड़ो, कोपिला लागेको हारूनको लौरो र करारका शिला-पाटीहरू थिए। ५ सन्दूकमाथि कृपा-आसनमा छाया पारिराख्ने ईश्वरीय महिमाका करूबहरू थिए। तर यी कुराका विषयमा अहिले हामी बिस्तारपूर्वक भन्न सक्दैनौं। ६ अब यी कुराहरूको प्रबन्ध गरिसकेपछि पूजाहारीहरू आफ्ना विधि र कर्तव्य पालन गर्दै निरन्तर बाहिरपट्टिको पवित्रस्थानभित्र प्रवेश गर्थे। ७ तर भित्रपट्टिको कोठामा भने प्रधान पूजाहारी मात्रै एकलै वर्षमा एक चोटि जान्छन्, सो पनि रगत नलगी होइन। त्यो रगत उनले आफ्नो निम्ति र मानिसहरूका पापको निम्ति चढ़ाउँछन्। ८ यसैबाट पवित्र आत्मा देखाउनुहुन्छ, कि जबसम्म बाहिरपट्टिको पवित्रस्थान रहिरहन्छ, तबसम्म महापवित्रस्थानभित्र जाने बाटो खुल्नेछैन। ९ यो त अहिले वर्तमान समयको निम्ति एक दृष्टान्त हो। यसले यही देखाउँछ, कि चढ़ाएका भेटी र बलिहरूले आराधकको विवेकलाई शुद्ध तुल्याउन सक्दैनन्। १० ती केवल खाने, पिउने र विभिन्न विधिका स्नानहरू मात्र हुन्, अर्थात् शारीरिक धर्म-विधिहरू हुन्, जुनहरू सुधारको समय नआउञ्जेल स्थापना गरिएका थिए। ११ जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो, उहाँ अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन, अर्थात् यस सृष्टिको अङ्ग होइन।"

"स्वर्गमा रहेको पवित्र स्थानमा मानिसको निम्ति गरिने बिन्तिभाऊ उहाँ क्रुसमा मर्नुपरे झैं मुक्तिको योजनाको निम्ति आवश्यक थियो। जब उहाँ मृत्युबाट बौरिउठेर स्वर्गमा जानुभयो तब उहाँले मानिसको निम्ति पहल गर्ने काम पूरा गर्न सुरु गर्नुभएको थियो। हामी विश्वासद्वारा पर्दाभित्रको पवित्र स्थानमा पस्नैपर्छ जहाँ "हाम्रो पक्षमा अग्रदूत भएर येशू ख्रीष्ट पस्नुभएको थियो।" हिब्रू ६:२० रूपान्तरित-एलेन जी ह्वाइट द ग्रेट कन्ट्रोभर्सी, पृ. ४८९बाट रूपान्तरित।

फेरि त्यसबेलाका यहूदीहरूमा अहिले हामीले पाए झै आत्मज्ञान थिएन। पवित्र मन्दिरमा सेवा गर्ने लेबीहरूको बारेमामात्रै तिनीहरूले चाहिँदोमात्रामा बुझेका थिए। तिनीहरूबाट परमेश्वरको काम सम्पन्न हुनेछ भनेर थाहा पाउँदा तिनीहरू उत्साहित भएका थिए।

सुरूमा सारा राष्ट्र नै परमेश्वरको वचन पढेर, प्रार्थना गरेर, आराधना गरेर आफूलाई पुनःसमर्पित गरेर समय बिताइरहेका थिए। तर मन्दिरमा गर्नुपर्ने सेवाकार्यको वेवास्ता गरेको र त्यसको पुनर्स्थापना गर्न जरुरी भएको कुरा त्यसैबीचमा तिनीहरूले महसुस गरेका थिए। अब सबै कुराको प्रवन्ध मिलाइसकेपछि मानिसहरूको निम्ति लेबीहरूले गर्ने महत्त्वपूर्ण कामप्रति तिनीहरूले खुशियाली मनाएका थिए। मन्दिरमा गरिने सेवाकार्यहरू उहाँको आराधनाको ढाँचाको भाग हुनुपर्ने विषयमा परमेश्वरले नै यहूदी राष्ट्रलाई प्रभाव पार्नुभएको थियो।

कतिपय समयमा परमेश्वरका अगुवा पास्टरहरू, वचनका शिक्षकहरू, चर्च संचालन गर्ने अगुवाहरू र सङ्गीतकारहरूलाई तिनीहरूकै काम त हो नि भनेर सर्वसाधारण विश्वासीहरूले ती सबै काम तिनीहरूलाई नै पन्छाइरहेका हुन्छन्। नहेम्याहको पालामा पनि लेबीहरूको सहयोग बलियो थियो भने कतिपय समयमा कमजोर थियो। कतिपय समयमा लेबीहरू परमेश्वरको काम गर्दा आफ्नो परिवारको निम्ति खर्च जुटाउन अन्यत्र काम गर्न वाध्य भएका थिए किनभने मानिसहरूले दशांश र भेटी मन्दिरमा ल्याउन रोकेका थिए (जसरी अहिले पनि बप्तिस्मामा आफ्नो दशांश र भेटीद्वारा चर्चलाई सहयोग गर्नेछु भनेर शपथ त खान्छन् तर त्यसको पालना गर्न कतिपयले जरूरी ठानेका हुँदैनन्)।

दशांश र भेटीबिना चर्च विश्वव्यापी रूपमा संगठित हुन सक्दैनन्। यदि परमेश्वरको कामलाई निरन्तरता दिने हो भने येशूका प्रत्येक विश्वासीले केवल मुखले मात्र होइन आर्थिकरूपमा पनि सहयोग गर्न समर्पित हुनैपर्दछ। यसले चर्चमा भएका र चर्चकै काममामात्रै समर्पित कर्मचारी तथा पास्टरहरूलाई खर्च जुटाउँछ। यो तीतो सत्य हो कि मिसन वा चर्च कहिल्यै पनि सिद्ध छैन वा चर्चका मानिसहरू सबै साधु वा सिद्ध छैनन् तर संसारमा परमेश्वरको कामलाई निरन्तरता दिन मिसनका कर्मचारीहरूको होइन तर परमेश्वरको मुख हेरेर विश्वासीहरूले चर्च वा मिसनलाई सहयोग गर्ने आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, "ग्रोइङ्ग अप इनटु क्राइस्ट" पृ. ६७-७५**

"अनन्तकाल भरि मुक्ति पाएकाहरूले के गरेर बस्ने छन् त? ख्रीष्टको क्रुसको विज्ञान वा मुक्तिको योजनाको विषयबस्तुमा मुक्ति पाएकाहरूले अध्ययन गरिरहनेछन् साथै परमेश्वरको कामप्रति आभारी भएर तिनीहरू प्रशंसाको सङ्गीत रच्दै गाइरहनेछन्। येशूले आफ्नै शक्तिले सबै थोकको सृष्टि गर्नुभएको थियो। बिशाल अन्तरिक्षमा भएका अनगिन्ति नक्षत्रहरू, आकाशगङ्गाहरू र जैविक संसारहरूलाई सम्हाली रहनुहुने उहाँ स्वर्गको तेजस्वीमय राजामहाराजा, परमेश्वरको प्रिय, करुब र अनेकौं तेजिलो स्वर्गदूतहरूले मनपराएका, श्रद्धामयी, आदरणीय र पुजनीय प्रभु हुनुहुन्थ्यो। उहाँ पतित मानिसहरूको निम्ति निहुरिनुभयो, उहाँले मानव जगतको लजास्पद पाप र दोषलाई आफ्नै काँधमा बोक्नुभयो। क्रुसको पीडामा परमेश्वर पिताको अनुहार लुक्न गएको आभास् उहाँले पाउनुभएको थियो। निर्दयी, पापी र परमेश्वरबाट हराउन पुगेको पतित संसारको भारले उहाँ लादिनुहुँदा उहाँको हृदय छिया छिया भएको थियो। कलबरीको क्रुसको निर्मम यातनामा उहाँको जीवन धुजा धुजा हुन पुगेको थियो। सारा जगतका सृष्टिकर्ता र सबैको भविष्य आफ्नो हातमा सम्हाल्ने प्रभुले आफ्ना सबै यश र महिमालाई थन्क्याएर मानिसप्रतिको प्रेमले गर्दा आफूलाई तल्लो स्तरमा गिराउनुभएको थियो। उहाँको त्यो कदमलाई मुक्ति पाएकाहरूले कहिल्यै बिर्सने छैनन्। सारा जगतले उहाँको यो महान् त्याग र प्रेमलाई अचम्म तरिकाले हेरिरहनेछ र उहाँप्रति भक्तिभाव जगाएर उहाँको आराधना गरिरहनेछ। जब मुक्ति पाएका राष्ट्हरूले तिनीहरूको मुक्तिदातालाई हेर्नेछन् जहाँबाट परमेश्वर पिताको अनन्त महिमाको ज्योति चम्किरहेको हुन्छ, जब तिनीहरूले सदा सदा रहिरहने उहाँको सिंहासन हेर्नेछन् तब तिनीहरूले यो थाहा पाउनेछन् कि उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन। त्यसबेला हर्षले भावविभोर भएर यो गीत घन्काउनेछन्: "मारिनुभएको थुमा योग्य, योग्यको हुनुहुन्छ। उहाँको आफ्नै अत्यन्तै अमूल्य रगतले हामीलाई परमेश्वरतिर फर्काउनुभएको छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६५१,६५२बाट रूपान्तरित।

## चिन्तनमननः

अ. आराधनाको समयमा परमेश्वरप्रति श्रद्धा देखाउने र खुशीले आनन्दित भएर गाउने गीतको बीचमा कसरी शन्तुलन राख्ने? के आराधनामा हर्ष र श्रद्धाको पारस्परिक रूपमा सम्बन्ध छ?

आ. यरुशलेमको पर्खालको जब समर्पण गरियो तब त्यसको सुरक्षा इस्राएलीहरूले परमेश्वरमै छोडेका थिए। यदि परमेश्वरले त्यसको सुरक्षा गर्नु भएन भने त्यो पर्खालको कुनै औचित्य छैन भनेर तिनीहरूले स्वीकारेका थिए। सोलोमन राजाले यसरी उपयुक्त तरिकाले भनेका थिए, "यदि परमेश्वरले घरको निर्माण गर्नुभएन भने निर्माणकर्ताहरूको परिश्रम बेकारको हुन्छ। यदि सहरमा परमेश्वरले चियाउनु भएन भने सुरक्षा दिनेहरूको सुरक्षा बेकारको हुन्छ" (भजन १२७:१ रूपान्तरित)। हामी प्रभुको निम्ति जे जे प्रयास गर्छौं सोलोमनले व्यक्त गरेको कथनले हामीलाई के सिकाउँछ?

इ. तपाईंको चर्चमा सङ्गीतको भूमिका कस्तो छ।

ई. धर्मशास्त्र बाइबल स्पष्ट छः स्वर्गमा भएको पवित्र मन्दिरको हाम्रो मुल पुजारी येशू हुनुहुन्छ। अहिले उहाँले ठ्याक्कै के काम गरिरहनुभएको छ? पृथ्वीमा भएको मन्दिरमा पुजारीहरूले गर्ने सेवाकार्यले स्वर्गीय मन्दिरमा येशूले हाम्रो निम्ति गरिरहनुभएको सेवाकार्यलाई कसरी संकेत गर्छ?

## कथा १०

## आबखाजियामा तिन चेतावनीहरू, आन्द्र्यु मेचेस्नी



सोभियत गणतन्त्र जर्जियाबाट छुटेर गएको राष्ट्र आखाजियाको सुखुमी सहरको बाहिरी बजारमा भ्यालेन्टिना डमिट्रिन फटाफट हिंड्दै थिइन्। उनी आफ्नो परिवारको निम्ति रोटी वनाउन मकैको पिठो खोज्दैथिइन्। उनीसँग धेरै पैसा थिएन। उनी वसेको सहर सुखुमीमा एक महिनासम्म गृहयुद्ध हुँदा त्यस ठाउँमा खानेकुराको गम्भीर अभाव भएको थियो। भ्यालेन्टिनाले कपडाको झोलामा सुकेको मकै बेचिरहेकी एक महिलालाई भेटिन्। तर त्यो किन्न उनीसँग पैसा थिएन। भ्यालेन्टिना चुपचाप ठिङ्ग उभिएर मेरो परिवारलाई कसरी खान दिने होला भनेर सोचिरहेकी थिइन्।

अचानक कसैले उनको बायाँ काँधमा हिर्काएर गम्भीर आवाजमा भन्यो "भाल्या यहाँबाट छिटो निस्की।" अचम्म मान्दै उनले पछाडि हेरिन् त्यहाँ कोही पनि थिएन। एक छिन त भ्यालेन्टिना अकमक परिन्, तर उनले आफ्नो श्रीमान् पाभेल र १६ वर्षको छोरो नताशालाई सम्झिन्। उनको श्रीमान् सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर थिए। भ्यालेन्टिनाले मकै बेचिरहेकी महिलालाई लालायित भएर हेरिन्। फेरि पछाडि कुममा कसैले हिर्काएर "यहाँबाट झट्ट गइ हाल" भन्ने आवाज आयो। केही न केही नराम्रो हुनेवाला छ जस्तो देखेर उनी बजारबाट बाहिर निस्किन खोजिन् तर उनी आफ्ना दुई जना छिमेकीहरू युरी र टाइसियालाई वोलाउन भनि रोकिइन्। उनले त्यसबेला परालको कुचोहरू बेचिरहेकी महिलालाई देखिन् र सोधिन् "कति हो?" तर तेस्रो पल्ट पनि कसैवाट कुममा हात राखेर "भाल्या यहाँबाट अहिले नै तुरन्त निस्की हाल" भन्ने आवाज फेरि आयो। त्यसपछि भ्यालेन्टिना त्यहाँवबाट भागिन्। दुई मिनेट पछि उनको शिरमाथि बन्दुकका गोलीहरू उडिरहेको उनले देखिन्। फेरिपनि अर्को दुईवटा गोलीहरू उडे। भ्यालेन्टिना मरेतुल्य भएर जहाँको त्यहीं घोप्टो परेर लडिन्। एक छिनमै सहरको बजारभरि ठूलो बम पड्केको आवाज आयो। भ्यालेन्टिनाले बजारबाट धुवाँको मुस्लो बादल जस्तै उडिरहेको देखिन्। त्यही बजारबाट धुलोहरू पनि उडिरहेका थिए। आँखाभरि आँसु झारेर प्रार्थना

गर्दै तिनी घरतिर दगुरिन् “प्रभु मलाई बचाउनुभएकोमा धन्यवाद। तर म को हुँ र? मलाई किन रक्षा गर्नुभयो?"

केहि समयको अन्तरालपछि भ्यालेन्टिना त्यही बजारमा फर्केर आइन्। त्यहाँ बमले जमिनमा ठूला प्वालहरू वनाएका थिए। उनी जहाँ उभिएर मकै र कुचोलाई लालायित भएर हेर्दै थिइन् त्यहाँको जमिनमा पनि दुई वटा ठूला प्वालहरू उनले देखिन्।

यो घट्ना सन १९९३मा भएको थियो। त्यो कुराको सम्झना गर्दै उनी यशैया ४३:२पदलाई याद गर्छिन् जहाँ लेखिएको छ “जब तिमी पानीहरूबाट जान्छौं म तिमीसित हुनेछु। तिमी नदीहरूबाट जाँदा त्यहाँको वाढीले तिमीलाई डुवाउने छैन। जब तिमी आगोमा पर्छौं त्यसले तिमीलाई जलाउनेछैन। यसले तिमीलाई पोल्ने छैन" (रूपान्तरित)।

गोलावारी आगो जस्तै हो जसले मानिसलाई पोल्छ। “तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ “म तिमीसँग हुनेछु" उहाँसँग हिंडेर उहाँको निम्ति जिएर हामीले उहाँलाई नै हाम्रो सुरक्षाको जिम्मा दिएका हुन्छौं। हाम्रो सम्पूर्ण जीवन नै उहाँको सेवाको निम्ति समर्पित गरेका  छौ। येशू यस संसारमा किन आउनुभयो त? एलेन जी ह्वाइटको भनाइ अनुसार उहाँ सेवा गर्न आउनुभएको हो। हाम्रो जीवनको लक्ष्य नै सेवा गर्नु हो" ढुक्क हुँदै भ्यालेन्टिना यी लेखकलाई सुनाउँछिन्।